18th of January 2026 (Sunday)

आकाशवाणी

मुख्य समाचार

- राष्ट्रपतिले उत्तरपूर्वका जीवित परम्परालाई उजागर गर्ने गणतन्त्र दिवस 'एट–होम' निमन्त्रणालाई गर्नुभयो उल्लेख ।।
- प्रधानमन्त्री मोदीद्वारा असममा काजिरङ्गा एलिभेटेड कोरिडोर परियोजनाको शिलान्यास; दुई नयाँ अमृत भारत एक्सप्रेस रेल सेवाको शुभारम्भ ।।
- पश्चिम बंगालको सिङ्गुरमा प्रधानमन्त्री मोदीद्वारा 830 करोड रुपैयाँका विकास परियोजनाको उद्घाटन तथा शिलान्यास।।
- विदेशमन्त्री डा. एस. जयशंकरद्वारा अमेरिकी सिनेटर स्टीव डेन्ससँग भेटवार्ता ।।
  अनी
- राष्ट्रिय क्याडेट कोरले अनुशासन, साहस र कर्तव्यपरायणताको शिक्षा दिने केन्द्रीय मन्त्री संजय सेठको मन्तव्य ।।

-----------

राष्ट्रपति द्रौपदी मुर्मु

राष्ट्रपति द्रौपदी मुर्मुले आज 77औँ गणतन्त्र दिवसका अवसरमा अतिथिहरूलाई पठाइएको विशेष रूपमा तयार गरिएको 'एट–होम' निमन्त्रणापत्रको झलक सार्वजनिक गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत उहाँले यस वर्षको निमन्त्रणाले भारतको उत्तरपूर्वी क्षेत्रका जीवित परम्परालाई प्रस्तुत गरेको बताउनुभयो।
राष्ट्रपतिले उक्त निमन्त्रणालाई अष्टलक्ष्मी राज्यका दक्ष कलाकार र शिल्पकारप्रतिको सम्मान भएको उल्लेख गर्दै यसले उनीहरूको समृद्ध सांस्कृतिक धरोहर र कारीगरीलाई उजागर गरेको बताउनुभयो।

प्रधानमन्त्री नरेन्द्र मोदी

प्रधानमन्त्री नरेन्द्र मोदीले आज असमको नागाउँ जिल्लाको कलियाबोरमा 6,950 करोड रुपैयाँ लागतको काजिरङ्गा एलिभेटेड कोरिडोर परियोजनाको शिलान्यास गर्नुभयो। 86 (chyasee) किलोमिटर लामो यो वातावरणमैत्री राष्ट्रिय राजमार्ग परियोजनामा काजिरङ्गा राष्ट्रिय निकुञ्ज हुँदै जाने 35 (paitis) किलोमिटर लामो एलिभेटेड वन्यजन्तु कोरिडोर समावेश गरिएको छ, जसले जनावरहरूको स्वतन्त्र आवागमन सुनिश्चित गर्दै मानव–वन्यजन्तु द्वन्द्व कम गर्ने लक्ष्य राखेको छ।

यस परियोजनाले नागाउँ, कार्बी आङ्लोङ र गोलाघाट जिल्लाहरूमा आवागमन सहज बनाउँदै डिब्रुगढ र तिनसुकिया सहितको माथिल्लो असमको सम्पर्क सुधार गर्नेछ। यसले सडक सुरक्षामा वृद्धि गर्नुका साथै यात्रा समय पनि घटाउने अपेक्षा गरिएको छ।

प्रधानमन्त्रीले यस अवसरमा कामाख्या–रोहतक र डिब्रुगढ–लखनउ (गोमती नगर) अमृत भारत एक्सप्रेस रेल सेवाको शुभारम्भ पनि गर्नुभयो। साथै उहाँले जनतालाई जैविक विविधता संरक्षण गर्न अपिल गर्नुभयो।

प्रधानमन्त्री नरेन्द्र मोदी

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगालको हुगली जिल्लास्थित सिङ्गुरमा 830 करोड रुपैयाँभन्दा बढीका विभिन्न विकास परियोजनाहरूको उद्घाटन तथा शिलान्यास गर्नुभयो। उहाँले बालागढमा विस्तारित पोर्ट गेट प्रणालीको शिलान्यास गर्नुभयो, जसअन्तर्गत आन्तरिक जल यातायात टर्मिनल र रोड ओभर ब्रिज निर्माण गरिनेछ। यसले मालसामानको आवागमन सहज बनाउने, भीडभाड घटाउने र रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ।

प्रधानमन्त्रीले कोलकातामा विद्युतीय क्याटामारानको शुभारम्भ गर्नुभयो, बांकुरा जिल्लामा नयाँ रेल लाइनको उद्घाटन गर्नुभयो र तीन वटा अमृत भारत एक्सप्रेस रेल सेवालाई हरियो झण्डा देखाउनुभयो। उहाँले यी परियोजनाहरूले सम्पर्क सुदृढ गर्ने, हरित यातायात प्रवर्द्धन गर्ने र पूर्वी भारतको विकासलाई तीव्रता दिने बताउनुभयो।

विदेश मन्त्री डा. एस. जयशंकर

विदेशमन्त्री डॉ. एस. जयशंकरले आज नयाँ दिल्लीमा अमेरिकाका सिनेटर स्टीव डेन्ससँग भेटवार्ता गर्नुभयो। सामाजिक सञ्जालमा गरिएको पोस्टमा डा. जयशंकरले भेटमा द्विपक्षीय सम्बन्ध र रणनीतिक महत्वका विषयमा विस्तृत तथा खुला छलफल भएको जानकारी दिनुभयो।

केन्द्रीय मन्त्री संजय सेठ

रक्षा राज्यमन्त्री संजय सेठले आज राष्ट्रिय क्याडेट कोर (एनसीसी) ले अनुशासन, साहस र कर्तव्यपरायणताको शिक्षा दिने बताउनुभयो। उहाँका अनुसार, 17 लाखभन्दा बढी क्याडेटमध्ये करिब 2 हजार 4 सय क्याडेटलाई गणतन्त्र दिवस परेडमा सहभागी हुने अवसर प्राप्त हुन्छ ।

केन्द्रीय मन्त्री सेठले नयाँ दिल्लीको करियप्पा परेड ग्राउन्डमा आयोजित एनसीसी गणतन्त्र दिवस शिविरको अवलोकनका क्रममा यो कुरा बताउनुभयो। उहाँले उपराष्ट्रपति, प्रधानमन्त्री र रक्षा मन्त्री स्वयं एनसीसीका पूर्व क्याडेट रहनु देशका लागि सौभाग्यको विषय भएको उल्लेख गर्नुभयो।

श्री सेठले पञ्जाबमा आएको बाढीका बेला एनसीसी र सेनाले खेलेको भूमिकाको प्रशंसा गर्दै, गत वर्ष प्रभावित व्यक्तिहरूको उद्धारमा उनीहरूको महत्वपूर्ण योगदान रहेको बताउनुभयो।
यस अवसरमा रक्षा राज्यमन्त्रीले क्याडेटहरूसँग प्रत्यक्ष संवाद पनि गर्नुभयो ।
समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

केन्द्रीय मन्त्री जितन राम माझी

सुक्ष्म साना तथा मध्यम उद्योग मन्त्री जितन राम माझीले MSME हरूलाई देशको विकासको मेरुदण्ड भएको बताउनुभएको छ। उहाँले आज नयाँ दिल्लीमा आयोजित पीएम विश्वकर्मा हाट 2026 को उद्घाटन समारोहलाई सम्बोधन गर्दै यो कुरा बताउनुभयो।

मन्त्री माझीले उक्त कार्यक्रमले कला–कारिगरहरूलाई आफ्ना उत्पादनको ब्रान्डिङ र बजार प्रवर्द्धनका लागि प्लेटफर्म प्रदान गरेको बताउनुभयो। पीएम विश्वकर्मा योजनाको उल्लेख गर्दै उहाँले यस योजनाले देशमा बेरोजगारी अन्त्य गर्न महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो। साथै उहाँले कार्यक्रममा सहभागी कला–कारिगरहरूको सीप र कारीगरीको प्रशंसा गर्नुभयो।

भारतीय रेलवे

भारतीय रेलवेको आगामी दुई वर्षमा 7 हजार 9 सय किलोमिटरभन्दा बढी रेल ट्र्याक नवीकरण गर्ने योजना रहेको छ। रेल मन्त्रालयले आज जानकारी दिँदै आर्थिक वर्ष २०२५–२६ मा 7 हजार 5 सय किलोमिटरभन्दा बढी ट्र्याक नवीकरणको काम जारी रहेको र अघिल्लो आर्थिक वर्षमा 6 हजार 8 सय किलोमिटरभन्दा बढी ट्र्याक नवीकरण सम्पन्न भइसकेको जनाएको छ।

मन्त्रालयका अनुसार उच्चगति सञ्चालनयोग्य ट्र्याकको लम्बाइ सन् 2024 मा 31 हजार किलोमिटरबाट बढेर हाल 84 हजार किलोमिटरभन्दा बढी पुगेको छ। यसले राष्ट्रिय रेल सञ्जालको करिब 80 प्रतिशत क्षेत्रमा 110 किलोमिटर प्रतिघण्टा वा सोभन्दा बढी गतिको सञ्चालन सम्भव बनाएको छ।

पछिल्ला 11 वर्षमा निरन्तर लगानी र योजनाबद्ध कार्यान्वयनमार्फत भारतीय रेलवेको ट्र्याक संरचना सुदृढ हुँदै सुरक्षा मापदण्डमा उल्लेखनीय सुधार भएको मन्त्रालयले जनाएको छ।

भारतीय तटरक्षक

भारतीय तटरक्षक र जापान तटरक्षकबीच मुम्बईमा समुद्री प्रदूषण नियन्त्रणसम्बन्धी संयुक्त अभ्यास सम्पन्न भएको छ। यस अभ्यासले भारत–जापानबीचको समुद्री साझेदारी तथा स्वतन्त्र र खुला हिन्द–प्रशान्त क्षेत्रप्रतिको प्रतिबद्धतालाई थप सुदृढ बनाएको छ। अभ्यासको क्रममा जापान तटरक्षकका कमाण्डेन्ट एडमिरल योशियो सेगुचीले एक उच्चस्तरीय प्रतिनिधिमण्डलसहित भारतीय तटरक्षक क्षेत्रीय मुख्यालय–पश्चिमको भ्रमण गर्नुभयो।

एडमिरल सेगुचीले भारतीय तटरक्षक क्षेत्र–पश्चिमका कमाण्डर महानिरीक्षक भीष्म शर्मासँग शिष्टाचार भेट गर्नुभयो। भेटका क्रममा दुवै पक्षले आपसी सहकार्यलाई अझ मजबुत बनाउने आवश्यकतामा जोड दिएका छन्।

दुवै पक्षले भारतीय तटरक्षकको प्रदूषण नियन्त्रण पोत आईसीजीएस समुद्र प्रहरीमा संयुक्त प्रशिक्षण अभ्यास पनि गरे। साथै जापानी प्रतिनिधिमण्डलले भारतीय पोत निर्माण क्षमताको मूल्याङ्कनका लागि मझगाउँ डक शिपबिल्डर्स लिमिटेडको भ्रमण गरेको छ।

युरोपेली संघका नेताहरू

युरोपेली संघका नेताहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा ग्रीनल्यान्ड कब्जा गर्ने र भन्सार शुल्क लगाउने धम्कीको विरोध गरेका छन्। युरोपेली संसदकी अध्यक्ष रोबर्टा मेट्सोलाले युरोपेली संघले डेनमार्क र ग्रीनल्यान्डको समर्थन गर्ने स्पष्ट पार्नुभयो। उहाँले द्वीपको सार्वभौमिकतामाथि भन्सार शुल्क लगाएर कुनै असर नपर्ने बताउनुभयो।

यसैबीच राष्ट्रपति ट्रम्पले फेब्रुअरी १ देखि Denmark, Norway, Sweden, France, Germany, बेलायत, Netherlands र Finland बाट आयात हुने सामानमा १० प्रतिशत भन्सार शुल्क लगाउने घोषणा गर्नुभएको छ, जुन पछि 25 प्रतिशतसम्म बढाउन सकिने बताइएको छ।

---------